# सिद्धार्थनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालयको
## अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको
## बिधेयक, २०७५

**प्रस्तावनाः**

सिद्धार्थनगरनगरपालिकाको आर्थिक वर्ष २०७५।०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क तथा दस्तुर संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक ब्यबस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नगर सभाले यो ऐन बनाएको छ ।

१· संक्षिप्त नाम र प्रारम्भः **(१)**यस ऐनको नाम **आर्थिक ऐन, २०७५** रहेको छ ।

(२) यो ऐन सिद्धार्थनगर नगरपालिकाको नगर सभा बाट पारित भएको मिति देखि सिद्धार्थनगर क्षेत्रमा लागू हुनेछ ।

२· (१) सम्पत्तिकर : नगरपालिका क्षेत्र भित्र अनुसुचि (१) बमोजीम एकीकृत सम्पत्तिकर लगाइने र असुल उपर गरिनेछ।

(२) **पटके सवारीकर** भन्नाले नगरपालिकाले आफैंले बनाएको वा कुनै निकायबाट नगरपालिकामा हस्तान्तरण भै आएको सडकबाट गुड्ने सबारी साधनमा लगाउने कर भन्ने बुझिन्छ ।

(३) **सबारी साधनकर** भन्नाले नगरपालिका क्षेत्रभित्र दर्ता भएका सबारी साधनमा लगाउने कर भन्ने बुझिन्छ ।

**(च) बाह्य आय** भन्नाले नगरपालिकालाई नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, सशर्त अनुदान, अन्य अनुदान, बिभिन्न दात्तृ निकायहरूबाट प्राप्त हुने अनुदान तथा नेपाल सरकार एवं अन्य निकायहरूबाट प्राप्त हुने ऋण तथा अन्य बाह्य आय समेत भन्ने बुझिन्छ ।

**३· सम्पत्तिकरः (१)** सिद्धार्थनगर नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र सो जग्गामा बनेको स्थाई संरचना (घर, गोठ, टहरा, गोदाम आदि समेत) मा एकीकृत सम्पत्तिकर लगाइने र असूलउपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्तिकर **अनुसूचि (१)** बमोजिम हुनेछ ।

(३) एकीकृत सम्पत्तिकर निर्धारण प्रयोजनका लागि जग्गाको मूल्यांकन गर्दा नगर सभा बाट पारित न्युनतम मूल्यांकनलाई आधार लिइनेछ ।

(४) एकीकृत सम्पत्तिकर निर्धारण प्रयोजनका लागि कुनैपनि भौतिक संरचनाको मूल्यांकन गर्दा **अनुसूचि (२)** मा उल्लेखित दर अनुसार गरिनेछ ।

(५) एकीकृत सम्पत्तिकर निर्धारण प्रयोजनका लागि कुनैपनि भौतिक संरचनाको मूल्यांकन गर्दा **अनुसूचि (३)** मा उल्लेखित दर अनुसार ह्रास कट्टी गरिनेछ ।

(६) नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका जग्गा तथा सो जग्गामा बनेका भौतिक संरचनामा एकीकृत सम्पत्तिकर लगाइने छैन ।

(७) उपदफा **(१)** बमोजिम एकीकृत सम्पत्तिकर लागेको सम्पतिमा घरजग्गाकर तथा मालपोत वा भूमीकर लाग्ने छैन । तर एकीकृत सम्पत्तिकर लागू हुनु भन्दा अघि **(**आ ब २०६९।०७० भन्दा अघिल्लो आ ब सम्म**)** को बक्यौता घरजग्गा कर तथा मालपोत अशुली गर्न यस दफाले बाधा पुर्याएको मानिने छैन ।

४· **मालपोत तथा भूमीकर :** (१) एकीकृत सम्पत्तिकर नलगाइएको जग्गामा **अनुसूचि (४)** बमोजिम मालपोत तथा भूमीकर लगाइने र असूलउपर गरिनेछ ।

**५· घरजग्गा करः** (१) एकीकृत सम्पत्तिकर नलगाइएको जग्गामा **अनुसूचि (५)** बमोजिम घरजग्गाकर लगाइने र असूलउपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम घरजग्गा कर निर्धारण प्रयोजनका लागि भौतिक संरचनाको मूल्यांकन गर्दा **अनुसूचि (३)** मा उल्लेखित दर अनुसार ह्रास कट्टी गरी मूल्यांकन गरिनेछ ।

**६· घरबहाल करः** (१)नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले ब्यापारिक भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, पोखरी आदि पूरै वा आंशिक तबरले बहालमा दिएकोमा **अनुसूचि (६)** बमोजिम घरजग्गा बहालकर लगाइने र असूलउपर गरिनेछ ।

**७· पेशा व्यवसाय करः**(१)नगरपालिका क्षेत्रभित्र व्यापार, व्यबसाय वा सेवामा पूजोगत लगानी र आर्थिक बारोबार समेतका आधारमा **अनुसूचि (७)** बमोजिम पेशा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

८· **सवारी साधनकरः** (१)नगरपालिका क्षेत्रभित्र दर्ता भएका सबारी साधनमा **अनुसूचि (८)** बमोजिम सबारी साधनकर लगाइने र असुलउपर गरिनेछ । तर,प्रदेश कानून स्वीकृत भै सो कानूनमा अन्यथा ब्यबस्था भएको अबस्थामा सोही बमोजिम हुनेछ ।

९· **पटके सबारी करः** (१)नगरपालिकाले आफैंले बनाएको वा कुनै निकायबाट नगरपालिकामा हस्तान्तरण भै आएको सडकबाट गुड्ने सबारी साधनमा **अनुसूचि (९)** बमोजिम पटके सबारी कर लगाइने र असुलउपर गरिनेछ । यस कार्यको लागि निजी क्षेत्रको समेत सहयोग लिन सकिने छ ।

१०· **विज्ञापन करः** (१) नगरपालिका क्षेत्रभित्र हुने बिभिन्न प्रकारका बिज्ञापनमा **अनुसूचि (१०)** बमोजिम बिज्ञापन कर लगाइने र असुलउपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भै सो कानूनमा अन्यथा ब्यबस्था भएको अबस्थामा सोही बमोजिम हुनेछ ।

११· **मनोरञ्जन करः** (१) नगरपालिका क्षेत्रभित्र हुने बिभिन्न प्रकारका मनोरञ्जन व्यवसायमा **अनुसूचि (११)** बमोजिम मनोरञ्जनकर लगाइने र असुलउपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भै सो कानूनमा अन्यथा ब्यबस्था भएको अबस्थामा सोही बमोजिम हुनेछ ।

१२· **सेवा शुल्कः** (१) एकिकृत सम्पतिकर असुली गर्दा **अनुसूचि (१२)** मा उल्लेख भए बमोजिम अतिरिक्त सेवा शूल्क लिईनेछ ।

१३· **घर नक्सापास दस्तुरः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र बनेका भौतिक संरचनाहरूको **अनुसूचि (१३)** मा उल्लेख भए बमोजिमको दरमा नक्सापास दस्तुर लगाइने र असूलउपर गरिनेछ ।

१४· **पार्किङ शुल्कः** (१) नगरपालिका क्षेत्रभित्र कुनै सबारी साधनलाई पार्किङ सुबिधा उपलब्ध गराए वापत **अनुसूचि (१४)** मा उल्लेख भए बमोजिमको दरमा पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

(२) सबारी साधनको चाप र किसिम, सडकको क्षमता, उपयुक्त स्थानको उपलब्धता आदिलाई मध्यनजर गरी नगर कार्यपालिकाले आबश्यक कार्यबिधि तय गरी सबारी साधनहरूका लागि सशुल्क पार्किङको ब्यबस्थापन गर्नसक्नेछ ।

१५· **बहाल बिटौरी ,हाट बजार शुल्कः** (१) नगरपालिका क्षेत्रभित्र नगरपालिका आफैंले निर्माण गरेका वा रेखदेख वा सञ्चालन गरेका पसल वा हाट बजारबाट शुल्क संकलनका लागि नगरपालिकाले आबश्यक कार्यबिधि बनाई निर्दिष्ट गरेका क्षेत्रको सूचि तयार गरी सोही आधारमा बहाल वा शुल्क निर्धारण गरिनेछ । सुबिधा उपलब्ध गराए वापत अनुसुची (१६) मा उल्लेख

भए बमोजिमको दरमा शुल्क लगाइने र असुल उपर गरिनेछ । यस कार्यका लागि निजी क्षेत्रको समेत सहयोग लिन सक्नेछ ।

१६. **शुल्क दस्तूर =** नगर पालिकाले उपलब्ध गराउने बिभिन्न सिफारिस वापत अनुसूची (१५) अनुसारको दस्तुर लिईनेछ

१७. **बसपार्क प्रवेश/पार्किंग शुल्क (१ )** नगरपालिका क्षेत्रभित्र नगरपालिका आफैंले निर्माण गरेका वा रेखदेख वा सञ्चालन गरेका बसपार्कमा सवारीका साधन प्रवेश गरे वापत कार्यबिधि बनाई शुल्क निर्धारण गरिनेछ । सुबिधा उपलब्ध गराए वापत अनुसुची (१७) मा उल्लेख भए बमोजिमको दरमा प्रवेश शुल्क लगाइने र असुल उपर गरिनेछ । यस कार्यका लागि निजी क्षेत्रको समेत सहयोग लिन सकिनेछ ।

१८. **आय प्रक्षेपणः** (१) नगरपालिकाको चालु आ ब २०७५।०७६ का लागि यस ऐन बमोजिम तोकिएका कर, शुल्क तथा दस्तुरहरूका आधारमा अनुमान गरिएको आन्तरिक आय र अनुमानित बाह्य आय समेतलाई एकीकृत गरी कायम भएको कूल अनुमानित आय बजेट अनुसूचि (१८) मा उल्लेख भए बमोजिम हुनेछ ।

१९. **कर छुट तथा जरिवाना=** १. यस ऐन बमोजिम तोकिएको अवधि भित्र बुझाउने करदातालाई दिईएको छुट बाहेक कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

२.नगरपालिका बाट असुल गरिने एकिकृत सम्पति करमा निर्देशिकामा तोकिए अनुसार छुट र जरिबानाको व्यवस्था गरिएको छ

२०. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगर कार्यपालिकाले तोके अनुसार हुनेछ ।

(१) **बिबिधः (१)** नेपालको संविधान २०७२ को धारा ५७(५), १०९, १६२(४), १९७, २१४(२), २२१(२), र २२६(१) सँग सम्बन्धित अनुसूचि ९ अनुसार संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा परेका अधिकारहरूको हकमा प्रदेश तथा संघीय कानून स्वीकृत भै सोही कानून हरूमा ब्यबस्था भए बमोजिम हुनेछ ।

**(२)** यस ऐन बमोजिमको कर, शुल्क तथा दस्तुर संकलनका लागि नगरपालिकाले निजी क्षेत्रको सीप, क्षमता र पूँजीलाई अधिकतम उपयोग गर्नेगरी आबश्यक रणनीति निर्माण गरी **सार्बजनिक निजी साझेदारी (Public Private Partnership - PPP) को** अबधारणा अनुसार आबश्यकता र प्रभावकारिता समेतलाई मध्यनजर गरी केही अयोजनाहरू कार्यान्वयन गर्न सक्ने छ ।

(३) आफ्नो अधिकार क्षेत्र भित्रको कर, शुल्क तथा दस्तुरहरू निर्धारण एवं संकलन गर्ने सन्दर्भमा नगरपालिकाले सरकारी वा गैरसरकारी संस्था, नगरबासीहरू र सरोकारवालाहरू समेतको आबश्यक परामर्श एवं सहयोग लिन सक्नेछ ।

(४ नगरका बिभिन्न स्थानमा अस्थाइ रूपमा बसोबास गरिरहेका नागरिकहरूलाई करको दायरामा ल्याउन नगरपालिकाले आबश्यक कार्यिबधि तयार गरी लागू गर्न सक्नेछ ।

५) यस ऐनमा उल्लेख भएका ब्यबस्थाहरुको हकमा यसै ऐन बमोजिम र अन्य उल्लेख नभएका प्राबधानहरूको हकमा बिगतमा नगरपालिकाको नगरसभाले स्वीकृत गरेका बिनियम, कार्यबिधि, निर्देशिका,निर्णयहरु र प्रचलित कानूनमा उल्लेख भएबमोजिम हुनेछ ।

(६) यस ऐनमा उल्लेख भएका प्राबधानहरु संघीय वा प्रादेशिक कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने छन् ।